# उच्च अदालत जनकपुर

## राजविराज इजलास

फोन नं.तथा फ्याक्स ०३१५२०६८३
(रजिष्ट्रार)
फोन नं. ०३१५२०६८२ (प्रशासन)
mail:- infoacrajbiraj@acourt.gov.np
website:-www.supremecourt.gov.np

पत्र संख्याः-
च.नं

मितिः- २०७८।०३।१५

## सूचना ।

यस अदालतबाट प्रवाह हुने सेवाहरुको सम्वन्धमा यस अघि संचालन गरिएका कामकारवाहीहरुका अतिरिक्त निम्न बमोजिमको थप सेवा प्रवाह निम्न बमोजिम हुनेगरी आज मिति २०७८।०३।१५ मा बसेको यस अदालतको पूर्ण बैठक (Full Court) बाट भएको निर्णयानुसार सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

१) मुद्दाका पक्षको म्याद र हदम्यादका सम्वन्धमा बन्दा बन्दी खुलेको मितिले ३० दिनसम्म म्याद/हदम्याद कामय रहने,

२) नेपाल सरकार बादी भएका मुद्दाहरुमा नेपाल सरकारको तर्फबाट पुनरावेदन पर्नआई विपक्षी झिकाउने आदेश भईनसकेका मुद्दाहरु मध्ये जाहेरबालाको तर्फबाट प्रतिरक्षार्थ शुरु तहमा कानून व्यवसायी मुकरर भएका मुद्दा बाहेकलाई पेशी तथा सुनुवाई व्यवस्था गर्ने,

३) मिति २०७८।०३।१६ गते देखि दैनिक १० वटाको सिमामा रही मुलुकी फौजदारी अपराध संहिता, २०७४ को दफा ७३ तथा मुलुकी देवानी संहिता, २०७४ को दफा १५७ अनुसारको निवेदन दर्ता तथा सुनुवाई गर्ने,

४) दर्ता भएका पुराना प्रतिवेदनहरुको फछ्यौंट गर्ने कार्यलाई मिति २०७८।०४।०३ गते देखि मिति २०७८।०४।१५ गरेसम्म दैनिक १५ वटाका दरले थुनुवाका मुद्दाहरुलाई पुरानो क्रमका आधारमा प्राथमिकताकासाथ पेशी तोक्ने, थुनुवाका प्रतिवेदनहरुको संख्या कमभएको अवस्थामा अन्य प्रतिवेदन समेत पुरानोको आधारमा क्रमशः पेशी व्यवस्थापन गर्ने,

५) मिति २०७८।०३।२० गते देखि दैनिक रिट निवेदन ५ वटा र पुनरावेदन ५ वटा मात्र अग्रिम टोकन प्रणालिका आधारमा दर्ता गर्ने, भोलिपल्ट दर्ता हुने रिट तथा पुनरावेदनको टोकन अघिल्लो दिन बिहान ११ बजे देखि १२ बजेसम्म मुद्दा दर्ता शाखाबाट लिनुपर्ने, र दर्ता समय दिनको २ बजेसम्म हुने, टोकन विना दर्ता गर्न ल्याए दर्ता नहुने,

६) सरकारी कार्यालयहरुमात्र विपक्षी भएका रिट निवेदनहरुमा रिट निवेदक तारिखमा उपस्थित भए मिति २०७८।०३।२० गते देखि पेशी व्यवस्थापन गर्ने,

७) मुद्दा सुनुवाईका सम्वन्धमा Virtual (सूचना प्रविधी) पद्दतीलाई प्रशय दिने,

८) मिति २०७८।०४।१७ गते देखि मिति २०७८ साल आषाढ मसान्त सम्म डेढ वर्ष अवधी पूरा भएका मुद्दाहरुको पेशी व्यवस्थापन गर्ने ।

उप-रजिष्ट्रार